बागमती प्रदेश
श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

## स्थानीय श्रम, सिप र साधनको प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव आब्हान सम्बन्धी सार्वजनिक सूचना

(तेश्रो पटक प्रकासित मितिः २०८२/११/२७)

यस मन्त्रालयको चालु आर्थिक वर्ष ०८२/८३ स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत **"स्थानीय तह र विश्वविद्यालय समेतको सहकार्यमा स्थानीय श्रम, सिप र साधनको प्रवर्द्धन कार्यक्रम"** कार्यान्वयनका लागि बजेट बिनियोजन रहेकोले, सो कार्यक्रम संचालनका लागि तपसिल बमोजिमको उद्देश्य सहित छनोट शर्तहरुको अधिनमा रहि योग्य विश्वविद्यालय/क्याम्पसहरु छनोट गर्नका लागि दोश्रो पटक सूचना प्रकाशन भएको मितिले ५ (पाँच) दिन (मिति २०८२/१२/०१ गते) भित्र यस मन्त्रालयमा प्रस्ताव पेश गर्नुहुन प्रदेश भित्रका सबै विश्वविद्यालय/ क्याम्पसहरुमा जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ।

उद्देश्यहरू:

१. स्थानीय तह र विश्वविद्यालयबीच सहकार्यमा उत्पादनशील तथा रोजगारमुखी सिप विकास कार्यक्रम सञ्चालन गर्ने।
२. स्थानीय स्रोत, साधन तथा कच्चा पदार्थको दिगो उपयोग गरी घरेलु तथा साना उद्यम प्रवर्द्धन गर्ने।
३. सिप प्रशिक्षण, तालिम, प्राविधिक सहयोग तथा इनक्युबेशन समर्थन प्रदान गर्ने।
४. Matching Fund को आधारमा साझेदारी कार्यक्रमलाई प्रतिस्पर्धात्मक बनाउने।
५. प्रदेशस्तरमा स्थानीय सिप र रोजगार प्रवर्द्धनका नमुना कार्यक्रम विकास गर्ने।

मूल्याङ्कन सूचक

| क्र. सं. | मूल्याङ्कन सूचक | विवरण | अधिकतम अंक |
|---|---|---|---|
| १. | स्थानीय आवश्यकतासँग सान्दर्भिकता | प्रस्तावित कार्यक्रमको स्थानीय आवश्यक्ता प्रमाणित हुने कागजात | १० |
| २. | विश्वविद्यालय/क्याम्पसको प्राविधिक क्षमता | कर्मचारी लगायत भौतिक पूर्वाधार सम्बन्धी काजगात | २० |
| ३. | सह—लगानी (Matching Fund) | कार्यक्रममा लगानी सम्बन्धी घोषणा | २० |
| ४. | स्थानीय तहसँगको सहकार्य प्रतिवद्धता | सम्बन्धित स्थानीय तहको पत्र | २० |
| ५. | अपेक्षित परिणाम र प्रभाव | लक्ष्य निर्धारण सम्बन्धि विवरण | १० |
| ६. | स्थानीय स्रोत/साधन उपयोग | सो सम्बन्धी विवरण खुलाउने कागजात | २० |
| जम्मा | | | १०० अंक |

नोटः

- सम्बन्धित विश्वविद्यालय/क्याम्पसहहरुबाट कार्यक्रम माग गर्न संचालक समितिको निर्णय आवश्यक हुनेछ।
- शर्तमा उल्लेख भएका सबै विवरण खुल्ने आधिकारिक कागजपत्रको प्रतिलिपि प्रस्तावसाथ अनिवार्य संलग्न गरी पेश गर्नुपर्नेछ।
- कार्यक्रममा छनोट भएका विश्वविद्यालय/क्याम्पसहहरु सम्बन्धमा छनोटका आधार सहित यस मन्त्रालयको वेबसाइट (website) मार्फत जानकारी गराइनेछ।
- सूचना अवधिको अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको दिनको कार्यालय समयलाई अन्तिम दिन मानिनेछ।
- तोकिएका शर्त तथा कागजात पुरा नभएको सिफारिसको हकमा छनोटमा समावेश गर्न बाध्य हुने छैन।
- प्रस्ताव यस मन्त्रालयमा अथवा मन्त्रालयको आधिकारीक email: molet@bagamati.gov.np मा पेश गर्न सकिनेछ।

शाखा प्रमुख